बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल


प.सं. : २०८२/०८३
च.नं. :

नेपाल सम्वत् ११४६

# सेवा करारमा कर्मचारी भर्ती गर्ने सम्बन्धी सूचना

**सूचना नं.:- ५९/०८२-०८३, मिति २०८२/१२/१२**

बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेका तपसिलका पदहरुमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्वारा कर्मचारी सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजस्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:-**

| क्र. सं. | विज्ञापन नं. | विज्ञापन को किसिम | पद | सेवा/समूह/उपसमूह/तह | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०६/२०८२-८३ | खुल्ला | मेडिकल ल्याव टेक्नोलोजिष्ट | स्थानीयस्वास्थ्य/मे.ल्या.टे/ज.ल्या.टे /अधिकृतस्तर सातौं | १ (एक) | १२००।०० |
| २ | ०७/२०८२-८३ | खुल्ला | रेडियोग्राफर | रेडियोग्राफर/ स्वास्थ्य/ रेडियोग्राफी/ सहायकस्तर पाचौं | १ (एक) | ५००।०० |
| ३ | ०८/२०८२-८३ | खुल्ला | वैद्य | स्थानीय स्वास्थ्य/ आयुर्वेद/ जनरल आयुर्वेद/ सहायकस्तर चौथों | १ (एक) | ४००।०० |
| ४ | ०९/२०८२-८३ | खुल्ला | समुदायमा अधारित पुन: स्थापना (सि.बि.आर) सहजकर्ता | कार्यक्रमतर्फ | १ (एक) | ४००।०० |

क. **परीक्षा किसिम:-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।(लोकसेवा आयोगद्धारा निर्धारित विधिलाई आधार मानिने)

ख. **परीक्षा मिति:-** अर्को सूचनाद्धारा तय गरिनेछ।

ग. **परीक्षा केन्द्र:-** बाह्रदशी गाउँकार्यपालिकाको कार्यालय,चकचकी झापा।

घ. **दरखास्त दस्तुर बुझाउने विधि र स्थान:** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैङ्कमार्फत SuTRA बाट सृर्जित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजस्व खाता वा स्थानीय तह राजश्व पोर्टल मार्फत अनलाईन भुक्तानी गर्न सकिनेछ।

**राजस्व खाताको विवरण:**

- **कार्यालय कोड:** ८०११२५०५००१
- **राजस्व शिर्षक:** १४२२४

०८२/१२/१२
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

- राजस्व शिर्षकको नाम: परीक्षा शुल्क
- बैंक खाता नं: ०८३००८७०५००००११३
- खाताको नाम: आन्तरिक राजस्व खाता
- खाता रहेको बैंक: माछापुच्छ्रे बैंक

**ङ. दरखास्त दस्तुर बुझाउने अवधि:-** दरखास्त दिन पाउने अन्तिम मिति सम्म।(उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

**च. दरखास्त दिने अन्तिम मिति:** मिति २०८२।१२।१९ गते र दोब्बर दस्तुर तिरी २०८२।१२।२२ गतेसम्म ।

**छ.उम्मेद्धारको उमेरको हद:-** मेडिकल ल्याव टेक्नोलोजिष्ट पदको हकमा दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, रेडियोग्राफर र वैद्य पदको हकमा दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, ,समुदायमा अधारित पुन: स्थापना(सि.बि.आर) सहजकर्ता पदको हकमा दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा भई ४० ननाघेको ।

**ज.तलब/पारिश्रमिक:-** प्रचलित नियम बमोजिम हुनेछ ।

**झ.आवश्यक न्यूनतम योग्यता:** स्वास्थ्य सेवातर्फ नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुका साथै दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ ।

१. **मेडिकल ल्याव टेक्नोलोजिष्ट पदको लागी:**

क.नेपाली नागरिक
ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजिमा स्नातक उपाधी प्राप्त गरेको
ग.भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
घ. नैतिक पतन देखिने गरि फौजदारी अभियोगबाट अदालतबाट कसूरदार नठहरिएको ।

२. **रेडियोग्राफर पदको लागी:**

क. नेपाली नागरिक ।
ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफिमा प्रमाणपत्र तह उतिर्ण गरेको ।
ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
घ.नैतिक पतन देखिने गरि फौजदारी अभियोगबाट अदालतबाट कसूरदार नठहरिएको ।

३. **वैद्य पदको लागी:**

क. नेपाली नागरिक ।
ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट एस एल सी/एस.इ.इ. पश्चात एक वर्षको सहायक आयुर्वेद स्वास्थ्य कार्यकर्ता AAHW कोर्ष उतिर्ण गरी आयुर्वेद चिकित्सा परिषद नेपालमा नाम दर्ता तथा नविकरण भएको ।
ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
घ. नैतिक पतन देखिने गरि फौजदारी अभियोगबाट अदालतबाट कसूरदार नठहरिएको ।

०८२/१२/१२
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत


Scanned with CamScanner

**४. समुदायमा आधारित पुन स्थापना(सि.बि.आर) सहजकर्ता पदको लागी:**

क. नेपाली नागरिक।

ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ वा सो सरह उतिर्ण गरेको।

ग. समावेशी अपाङ्गता परिचयपत्र प्राप्त गरेको।

घ. समुदायमा आधारित पुन:स्थापना सहजकर्ता छनौट सम्बन्धी मार्गदर्शन २०८० मा तोकिएका अन्य योग्यताहरु

**ट. दरखास्त फाराम पाइने स्थान:-** बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा वा कार्यालयको वेवसाईट www. bahradashimun.gov.np मा गई करार सेवा पदको लागि दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ।

**ठ. दरखास्त फाराम बुझाउने स्थान:** बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा वा vacancy.bahradashirm@gmail.com मा बुझाउन सकिनेछ।

**ड.दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरु:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरु ।

**ढ.विस्तृत जानकारीको लागि:-** सम्पर्क नं. ९८५२६६५५८८

**द्रष्टव्य:**

(क) कार्यालयद्धारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था: लोकसेवा आयोगद्धारा निर्धारित सम्बन्धित सेवा/समूहको पाठ्यक्रम साथै अन्य प्रचलित कार्यविधि।

२०८२/१२/१२

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner